## प्रश्न नं. ३१

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरण:**

**(कक्षा रोल्नं. ३६६० देखि ३७८१ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

राजेश भट्टराईको जाहेरीले नेपाल सरकार

विरुद्ध

गोरखा जिल्ला गोर्खा न.पा. ९ बस्ने सम्झना ढकाल

मुद्दाः ज्यान सम्बन्धी कसूर

१. मिति २०७६।८।४ गते प्रतिवादी सम्झना ढकालले मनोज मुखियाको अवैध गर्भधारण गरी मास पुगेको जातक शिशु जन्माएको स्थानमा गै हेर्दा मृतक शिशुको दायाँ कन्चटमा शंकास्पद घाउ देखिंदा आवश्यक कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको प्र.ह. राजेश भट्टराईको जाहेरी प्रतिवेदन ।

२. खडगवहादुर ढकालको घरको भुई कुनामा रहेको नवजात शिशुको लासमा औसा किरा पर्न शुरु भएको अनुहार सडी कालो भएको र दायाँ कन्चट माथि २ इन्च लामो काटेको घाउ देखिएको, घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्का ।

३. मिति ०७५।११।२१ गते भिनाजु मनोज मुखियासंग करणी भै मेरो गर्भ रहन गै २०७६।८।२ गते वच्चा जन्माउने व्यथा लागी सोही दिन मेरो गर्भवाट वच्चा भुईमा खस्यो । त्यस वखत पीडाले गर्दा केहि थाहा पाइन, पछि हेर्दा मृतक अवस्थामा जातक शिशुलाई देखेको हुँ, मारे मराएको होइन भन्ने समेत व्यहोराको प्रतिवादीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

४. मिति २०७६।८।२ गते छोरी सम्झनाले जिउँदो अवस्थामा वा मृतक अवस्थामा वच्चा जन्माएको थियो भन्ने कुरा नदेखेको हुँदा केहि भन्न सक्दिन भन्ने समेत प्रतिवादीका वावु खर्कवहादुर ढकालले प्रहरीमा गरेको कागज ।

५. मिति २०७६।८।४ गते प्रतिवादी सम्झना लामिछानेसंग सोधपुछ गर्दा निजको भिनाजु मनोज मुखियाको अवैध गर्भ धारण गरेको भन्ने थाहा भयो, वारदात के कसरी हुन गयो नदेखेको हुँदा किटान गरी भन्न सक्दैनौं भन्ने समेत व्यहोराको रीता के.सी. घटना विवरण कागज ।

६. सम्झनाले भिनाजु नाताका मनोज मुखियाको अवैध गर्भ बोकेका कारणले लोकलाजबाट बच्न नवजात शिशुको हत्या गरेको हुनुपर्छ भन्ने समेतको पवित्रा भण्डारीको घटनाविवरण कागज ।

७. मृतक जातक शिशुको टाउकोको चोटको कारण मृत्यु भएको भन्ने लाश जाँच भै प्रतिवेदन ।

९. अनुसन्धानवाट वुझिएका आधार प्रमाणहरुवाट प्रतिवादीले मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा १७७(१) को कसूर गरेको हुंदा ऐ ऐ को दफा १७७ (२) वमोजिम सजाय गरी पाउँ भन्ने समेत व्यहोराको अभियोग दावी ।

१०. प्रतिवादीको इन्कारी बयान

११. साक्षीहरुको बकपत्र

१२. गोरखा जिल्ला अदालतको फैसला ।

१३. उच्च अदालत पोखरामा पेश गरेको पुनरावेदनपत्र ।